# शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र
# स्थापना तथा संचालन निर्देशिका
# २०७४


स्वास्थ्य मन्त्रालय

स्वास्थ्य सेवा विभाग

प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखा

काठमाडौं, नेपाल

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग

**मन्तव्य**

नेपालको संबिधानले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको अधिकारको रुपमा स्थापित गरेको छ । यसको नि:शुल्क उपभोग गर्न पाउनु प्रत्येक नागरिकको अधिकार हो र स्वास्थ्य अधिकार सहजताका साथ उपभोग गर्न पाउने अवस्था सिर्जना गर्ने सरकारको दायित्व हो । नेपाल सरकार स्वास्थ्य मन्त्रालय लगायत स्वास्थ्य सेवा विभागले शहरी समुदायको जनस्वास्थ्य अभिबृद्धिका लागि निरन्तर रुपमा विभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । तिब्र शहरीकरणले गर्दा शहरी क्षेत्रमा पृथक एवं विशिष्ट खालका स्वास्थ्य समस्याहरुदेखा परेका छन् र यी समस्याहरुको यथोचित सम्बोधन गनु वर्तमान आवश्यकता र चुनौती दुवै हो । शहरी क्षेत्रमा आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितताका लागि स्वास्थ्य सेवा विभागले महानगरपालिका, उप महानगरपालिका र नगरपालिका आफैले स्थापना एवं संचालन गर्ने गरी शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको अवधारणा विकसित गरेको हो । समुदायको व्यापक सहभागिता तथा साझेदारीमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराएर शहरी बासिन्दाको स्वास्थ्यमा अभिबृद्धि गर्ने शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको मुख्य उदेश्य पुरा गर्न यस निर्देशिकाले सहयोग पुऱ्याउने अपेक्षा गरेको छु ।

अन्त्यमा, यो निर्देशिका तयार पार्न महत्वपूर्ण योगदान दिनु हुने पुर्नजागरण महाशाखाका निर्देशक श्री भोगेन्द्र राज डोटेल लगायत सम्बद्ध कर्मचारी हरु एवं अन्य सवैलाई धन्यवाद एवं आभार ब्यक्त गर्न चाहन्छु ।

................................

डा. राजेन्द्र प्रसाद पन्त
महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखा

## मन्तब्य

नेपालको संबिधान प्रदत्त मौलिक हकलाई शहरी क्षेत्रमा कार्यान्वयन गर्नको लागि विगत देखि नै स्थानिय नगरपालिकाहरुसँगको साझेदारीमा सबै जिल्लाहरुमा शहरी स्वास्थ्य केन्द्रहरु स्थापना एवं संचालन गरिदै आएकोमा संघीय संरचनामा राज्य रुपान्तरण भएको सन्दर्भमा यी शहरी केन्द्रहरु सम्बन्धित माहा नगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाहरुमा हस्तान्तरण भइ सञ्चालन भै रहेका छन् । राज्य पुर्नसंरचना पश्चात भएको तिब्र शहरीकरणले गर्दा शहरी क्षेत्रमा बसोबास गर्ने मानिसको जीवनशैलीमा भैरहेको परिवर्तन, वातावरणमा भैरहेको असर , खानपानको गुणस्तरमा आएको कमि, अस्वस्थकर रहनसहन, नसर्ने रोगमा बृद्धिको साथै जोखिमयुक्त व्यवहारको प्रचलन बढ्दै गएको छ । यो परिवर्तनले गर्दा शहरी क्षेत्रका मानिसहरुको स्वास्थ्य निकै जोखिममा परेको छ । नेपाल सरकारको स्वास्थ्य नीति मुख्यत गाउँमा केन्द्रित भएको र हाल संचालनमा रहेका शहरी स्वास्थ्य केन्दहरुबाट संस्थागत रुपमा सेवा प्रवाहको व्यवस्था मिलाइएता पनि शहरी क्षेत्रमा बसोवास गर्ने आम नागरीकका पृथक आवश्यकतालाइ सम्बोधन गर्न यी केन्दहरु मात्र यथेष्ट होइनन भन्ने तथ्य समेत लाइ आत्मसाथ गर्दै प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाले महा/उप नगरपालिकाहरुले आफैले स्थापना एवं संचालन गर्ने गरी शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्रको अवधारणा विकसित गरेको हो ।

"शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र" कार्यक्रम आ.व. २०७३/७४ बाट काठमाडौं महानगरपालिका एवं बुढानिलकण्ठ नगरपालिका बाट शुरुवात भएको हो । यहि अवधारणालाई अझ परिष्कृत गर्दै शहरी स्वास्थ्य प्रर्वधन केन्द्र स्थापना तथा संचालनग गर्न विगतका अनुभवहरुलाइ समेत समेट्दै लागि काठमाडौं, भरतपुर, ललितपुर महानगरपालिका, स्वास्थ्य मन्त्रालय, तथा स्वास्थ्यसेवा विभाग र अन्य सरोकार वालाहरु सँगको छलफल तथा अन्तरकिया र कार्यशाला गोष्ठी बाट यो निर्देशिका तयार पारिएको हो । यस आ.व २०७४/७५ मा कम्तीमा हरेक महानगर तथा उपमहानगरहरुको उपयुक्त वडामा कम्तीमा एउटा "शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र" स्थापना गर्ने गरी २९ वटा "शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र" स्थापना तथा संचालनका लागि यो निर्देशिकाले महानगरपालिका उप महानगरपालिका एवं नगरपालिकाहरु एवं जनस्वास्थ्य कार्यालयहरुलाई सहयोग पुर्‍याउने विश्वास लिएको छु । यो निर्देशिका स्थानिय सरकारकोलागि एउटा मार्ग चित्र मात्र हो, परिवेश, अनुभव, आवश्यकता अनुरुप यसको समय सापेक्ष परिमार्जन समेत गरि कार्यान्वय गर्न सकिने छ ।

अन्त्यमा, यस निर्देशिकाको विकास तथा परिमार्जन गर्नका लागि योगदान दिनु हने यस महाशाखाका बरिष्ठ जनस्वास्थ्य प्रशासक श्री सागर दाहाल एवं सम्पूर्ण कर्मचारीहरु, महानगरपालिका, उपमहनागरपलिका र नगरपालिकाका प्रतिनिधहरु, प्रमुख जनस्वास्थ्य प्रशासक श्री महेन्द्र प्रसाद श्रेष्ठ, स्वास्थ्य मन्त्रालय एवं स्वास्थ्य सेवा विभागका पदाधीकारीहरु एवं विज्ञहरु प्रति हार्दिक आभार ब्यक्त गर्न चाहन्छु । साथै यस कार्यमा सहयोग गर्ने सहयोगी संस्थाहरु GIZ एवं HERD International लाई समेत धन्यवाद दिन चाहन्छु ।

.................................

भोगेन्द्र राज डोटेल
निर्देशक

**विषयसूची**

१.परिचय तथा औचित्य ....................................................1

२.शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको उद्देश्य ..........................................1

३.शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना तथा सञ्चालनका निर्देशक सिद्धान्तहरु ........1

४. भूमिका र जिम्मेवारी ....................................................2

५. शहरी स्वास्थ्य प्रवर्धन केन्द्रले प्रदान गर्ने सेवा घटकहरु ..........................7

६.शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको सेवा प्याकेज ......................................8

७. जनस्वास्थ्य केन्द्रको संगठन तालिका ........................................ 16

८. जिम्मेवारी ढाँचा ..................................................... 17

९.अनुगमन तथा मूल्याङ्कन कार्यढाँचा ........................................ 21

१०. अनुसूचीहरु ........................................................ 24

## १.परिचय तथा औचित्य

पछिल्ला दशकहरुमा भएको तीब्र शहरीकरणले शहरी क्षेत्रमा स्वास्थ्य सेवा पुऱ्याउनु सरकारका सामु ठूलो चुनौति भएको छ। विगत तीन दशकमा सरकारी स्वास्थ्य नीति मुख्यतः गाउँ केन्द्रित थियो जहाँ स्वास्थ्य कार्यक्रमहरु र क्रियाकलाप जिल्ला स्वास्थ्य कार्यालयमार्फत सञ्चालित हुन्थे। आधारभूत स्वास्थ्य सेवामा पहुँच अभिबृद्धि गर्न जिल्ला स्वास्थ्य कार्यालय तथा नगरपालिकाहरुले साझेदारीमा शहरी स्वास्थ्य क्लिनिकहरु खोले पनि तिनको यथोचित उपयोग हुन सकेन।

शहरी क्षेत्रका जनताका पनि फरक र विशिष्ट खालका आफ्नै खाले स्वास्थ्य समस्या एवं आवश्यकताहरु छन्। तीब्र शहरीकरणले सबैखाले प्रदुषणको स्तरमा बृद्धि भएको छ र मानिसको जीवनशैलीमा परिवर्तन आएको छ। परिणामस्वरुप मानिसका खानपानमा पोषणस्तर खस्केको छ, मद्यपान र सूर्तिजन्य पदार्थ सेवनमा बृद्धि भएको छ। अस्वस्थकर यौन व्यवहार, बसीखाने बानि आदिले नसर्ने रोगमा बृद्धि हुनाका साथै जोखिमयुक्त व्यवहार र अस्वस्थकर रहनसहनका कारण हुने ब्याधिहरु बढेका छन्। यिनै कुरालाई ध्यानमा राखेर स्वास्थ्य मन्त्रालयले माहा/उपमहा/नगरपालिका आफैले स्थापना एवं सञ्चालन गर्ने गरी शहरीस्वास्थ्यप्रवर्द्धन केन्द्रको अवधारणा विकसित गरेको हो।

## २.शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको उद्देश्य

समुदायको व्यापक सहभागिता तथा साझेदारी मा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराएर शहरी बासिन्दाको स्वास्थ्यमा अभिबृद्धि गर्नु शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको मुख्य उद्देश्य हो।

## ३.शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना तथा सञ्चालनका निर्देशक सिद्धान्तहरु

१)**शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको स्थापना, व्यवस्थापन तथा सञ्चालन महा/उपमहा/नगरपालिकाबाट हुनेछ। यसमा भौतीक पुर्वाधार, जनशक्तिको व्यवस्था, औषधि** खरिद तथा आपूर्ति र नियमित व्यवस्थापन आदि पर्दछ।

२) **शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना तथा व्यवस्थापनमा प्राविधिक सहयोग स्वास्थ्य मन्त्रालय र मातहतका निकायबाट हुनेछ** । सेवाको गुणस्तर सुनिश्चित गर्न नगरपालिकासंगको सहकार्यमा मन्त्रालयले मापदण्ड, क्लिनिकल प्रोटोकल, जनशक्ति परिचालन मान्यता एवम्प्रेषण

(रेफरल) निर्देशिका आदि तयार गर्नेछ।

३)**प्रत्येक शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रले आफ्नो सेवाक्षेत्रका लक्षित समुदायमा सेवा उपलब्ध गराउने छ।** प्रायजसो स्थानमा विभिन्न स्वास्थ्य सेवा प्रदायकहरु (सार्वजनिक एवं निजी) उपलब्ध छन्। तसर्थ तिनको नक्साङ्कन तथा सम्भावित स्वास्थ्य जोखिम र लक्षित समुदायको

जनस्वास्थ्य सम्बन्धी समस्याको पहिचान गर्नु आवश्यक छ । यसो गर्दा सम्बन्धित क्षेत्रका जनताका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्न सहज हुनेछ ।

**४)शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रले निम्नानुसारका दश प्रकारका सेवा उपलब्ध गराउनेछः**

(क) बहिरङ्ग सेवा

(ख) मातृ तथा शिशु स्वास्थ्य सेवा

(ग) सरुवा रोगको रोकथाम तथा उपचार

(घ) नसर्ने रोग र स्वस्थ जिवनशैलीगत सेवाहरु

(ङ) आयुर्वेद र परम्परागत औषधोपचार

(च) जनस्वास्थ्यअनुगमन तथा निगरानी

(छ) स्वस्थ वातावरण प्रवर्द्धन

(ज) महामारी तथा विपद व्यवस्थापन

(झ) ज्येष्ठ नागरिकस्वास्थ्यसमस्या (जेरियाट्रिक) र उपचार सेवा

(ञ) प्रेषण (रेफरल) सेवा

**५)शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रले आफ्ना सेवाक्षेत्रका जनतालाई अनिवार्यरुपमा निःशुल्क आधारभूत सेवा तथा आवश्यक्तानुसार उच्चस्तरीय सेवा उपलब्ध गराउनेछ ।**शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रले स्वास्थ्य मन्त्रालयले निर्धारण गरेको आधारभूत स्वास्थ्य सेवालाई अनुशरण गर्दै यस निर्देशिकामा निर्दिष्ट सेवा प्रवाह प्याकेज समावेश छ जसलाई शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रले आफ्ना सेवाक्षेत्रका जनताको स्वास्थ्य आवश्यकता अनुरुप अपनाउन सक्नेछ ।

**६)विद्यमान स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य केन्द्रलाई स्तरोन्नती गरि पनि शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना एवं संचालन गरिनेछ** र नभएको स्थानमा क्रमश नँया खोल्दै लगिनेछ । ।

**७) शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा सेवाग्राही मैत्री आचरण तथा सेवा समय निर्धारण गर्नु पर्दछ** ।अन्य निजी तथा सार्वजनिक सेवा प्रदायकसंगको साझेदारीमा बहिरंग सेवा समयलाई बढाउन सकिनेछ ।

## ४. भूमिका र जिम्मेवारी

### १.शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र

- सेवा क्षेत्रका जनताको स्वास्थ्य आवश्यकतालाई सम्बोधन गर्न शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र व्यवस्थापन समितिको अगुवाइमा केन्द्रबाट प्रदानगरिने सेवाका दश प्रकारका सेवाहरुका प्रत्येकका लागि प्याकेज तयार गर्नु ।

- स्वास्थ्य सेवा प्रदान गर्नु तथा आउटरिच (घरदैलो) सेवाहरु सहितका दैनिक स्वास्थ्य क्रियाकलापको व्यवस्थापन गर्नु । सेवा क्षेत्रका जनतालाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्नु ।
- बर्षिक कार्ययोजना बनाइ शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र व्यवस्थापन समिति तथा नगरपालिकासंग समन्वयन गरी त्यसलाई कार्यान्वयन गर्नु ।
- सेवा क्षेत्रको जनसांख्यिक अवस्थाको लेखाजोखा राख्नु तथा सो क्षेत्रको जनस्वास्थ्यको समस्यालाई नक्साङ्कन गर्नु । यसलाइ बार्षिकरुपमा अद्यावधिक गर्नु ।
- घरधुरी स्वास्थ्य विवरणपुस्तीका तयार गर्नु तथा त्यसलाई बार्षिकरुपमा अद्यावधिक गर्नु ।
- जनस्वास्थ्य सम्बन्धी तथ्याङ्क अभिलेखीकरण गर्नु तथा स्वास्थ्य सूचना पद्धति अद्यावधिक राख्नु । नियमित रुपमा निर्दिष्ट ढाँचामा माथिल्लो निकायमा प्रतिवेदन पेश गर्नु ।
- स्वास्थ्य सेवामा समन्वय र सूचना व्यवस्थापन गर्नका लागि स्वास्थ्यमा सूचना प्रविधि/मोबाइल आदिको उपयोग गर्नु ।
- केन्द्रको समग्र सरसफाई सुविधा लगायतमा सेवाग्राही मैत्री वतावरण बनाउने तथा त्यसलाई निरन्तरता दिनु ।
- केन्द्रबाट प्रदान गरिने सेवाको विवरण प्रकाशित तथा नागरीक वडापत्र मार्फत प्रदर्शित गर्नु ।
- घरदैलो (आउटरिच) तथा परामर्श सेवाका लागि स्वास्थ्य कार्यकर्ता र स्वयंसेवकहरुलाई तालिम/अभिमुखकरण दिने एवं परिचालन गर्नु ।
- साझेदार तथा सरोकारवालासंग समन्वय तथा सहकार्य गर्नु ।
- सम्पादित कार्यक्रमको बार्षिक समीक्षा गर्नु तथा भावी योजना तयार पार्नु।
- प्रशासकीय तथा बित्तीय व्यवस्थापन गर्नु ।
- समुदायसँग मिलेर विभिन्न खालका स्वास्थ्य सम्बन्धि क्रियाकलाप संचालन गर्ने ।

### २. शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र व्यवस्थापन समिति

- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको सञ्चालन तथा सामान्य प्रशासनको समग्र अनुगमन गर्ने ।
- सेवाक्षेत्रका जनताको स्वास्थ्य आवश्यक्तालाई ध्यानमा राखी १० प्रकारका सेवा घटक विशेष प्याकेज बनाउन अगुवाइ गर्ने ।
- बार्षिक कार्ययोजना तर्जुमा तथा आवधिक समिक्षा प्रक्रियामा अगुवाइ गर्ने ।
- स्थानीयस्तरमा उपलब्ध स्रोत परिचालन सहित वित्तीय, जनशक्ति तथा अन्य पूँजीगत स्रोत व्यवस्थापन तथा परिचालन गर्ने ।
- गुणस्तर सुधार तथा अभिबृद्धिमा अगुवाइ गर्ने ।

- साझेदारी विकास तथा अभिबृद्धि गर्ने ।
- औषधि तथा सरसामानको भण्डार (मौज्दात आदि)अनुगमन गर्ने एवम् आपूर्तिका लागि नगरपालिका संग समन्वय गर्ने ।
- प्रकोप व्यवस्थापन पूर्व तयारीका लागि औषधिको जगेडा भण्डार सुनिश्चित गर्ने ।
- आवश्यक उपकरणको सुसञ्चालन तथा यथासमय मर्मत सम्भार सुनिश्चित गर्ने ।
- भौतिक सुविधाको उपलब्धता /पर्याप्तता एवं मर्मत सम्भार सुनिश्चित गर्ने ।
- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमासेवाग्राही मैत्री व्यवहार सुनिश्चित गर्ने तथा केन्द्रको स्वास्थ्य सरसफाइमा ध्यान दिन ।
- समुदायलाई शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र र केन्द्रबाट प्रदान गरिने सेवा बारे सुसुचित गर्ने ।
- गुनासो सुन्ने तथा त्यसको व्यवस्थापन सुनिश्चित गर्ने ।
- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको प्रवर्द्धनका लागि नगरपालिकासंग समन्वय तथा पैरवी गर्ने ।
- वडास्तरको सामाजिक तथा पूर्वाधार विकास पहलमा सक्रियतापूर्वक सहभागी हुने तथा विकास गतिविधिबाटस्वास्थ्य क्षेत्रमा परेका प्रभावलाई सबैको जानकारीमा ल्याउने ।
- प्राप्त स्वास्थ्य सूचनामा  आधारित रहेर बार्षिक कार्ययोजना तर्जुमा कार्यलाई सुनिश्चित गर्ने ।
- रिफर वा प्रेषण गरिएका सेवाग्राहीहरुको सहजताका लागि नगरपालिका तथा अन्य सार्वजनिक तथा निजी स्वास्थ्य संस्थासंग समन्वय गर्ने ।
- नगरपालिकासंगको सहकार्यमा क्षमता अभिबृद्धि योजना तर्जुमा तथा कार्यान्वयन गर्ने ।
- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीलाई प्रोत्साहित तथा पुरस्कृत गर्न स्थानीयस्तरमा उपुक्त संयन्त्र तयार गर्ने ।
- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रका स्वास्थ्यकर्मीका चासो र मुद्दामाथि छलफल गर्न आवधिकरुपमा बैठक राख्ने ।
- कुनै प्रकारका विवाद तथा द्वन्द्व सिर्जना भए नगरपालिकासंगको समन्वयमा समाधान खोज्ने ।

**३.महा/उपमहा/नगरपालिका**

- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको स्थापना र सुसञ्चालनमा समग्र अगुवाइ गर्ने ।
- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र सुसञ्चालनका लागि नीतिगत व्यवस्था तथा आन्तरिक संयन्त्र बनाउने ।
- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको भौतिक पूर्वाधार विकास तथा केन्द्रलाई प्रभावकारी सञ्चालनका लागि सुसज्जित (स्वास्थ्यकर्मी, उपकरण, औषधि तथा सरसामान) गर्ने कार्यमा समन्वय गर्ने ।

- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र व्यवस्थापन समितिको संगठन तथा मान्यता परिभाषित गर्ने तथा प्रत्येक शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा यस्तो समिति बनाउने ।
- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको सुसञ्चालनका लागि आवश्यक स्रोतको व्यवस्था मिलाउने ।
- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको क्षमता अभिबृद्धि गर्नआवश्यक स्रोत उपलब्ध गराउने ।
- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको बार्षिक कार्ययोजनातर्जुमा र कार्यान्वयनमा सहयोग गर्ने ।
- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको कार्यकुशलताको पुनरावलोकन गर्नु ।
- औषधि, सरसामान र अत्यावश्यक उपकरणको उपलब्धता सुनिश्चित गर्न कार्यमूलक आपूर्ति संयन्त्र (Supply Chain) निर्माण तथा कार्यान्वयन गर्नु ।
- प्रेषण पद्धति प्रवर्द्धन गर्न तथा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको सेवा प्रवाह गतिविधिलाई सहयोग गर्न सार्वजनिक तथा निजी अस्पताल तथास्वास्थ्य संस्थासंग सम्पर्क/समन्वय कायम राख्नु ।
- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको सवलीकरणका लागि प्रादेशिक तथा संघीय स्वास्थ्यनिकायसंग समन्वय गर्नु ।
- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रप्रतिको जनताको बुझाइलाई आवधिक पुनरावलोकन गर्नु तथा सेवाक्षेत्रका जनताप्रति केन्द्रको जवाफदेहिता सुनिश्चित गर्नु ।

**४.स्वास्थ्य मन्त्रालय र मातहतका निकायहरु प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखा तथा जिल्ला जन/स्वास्थ्य कार्यालयहरु**

- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको स्थापना, सञ्चालन तथा सेवा प्याकेज तयार गर्ने लगायतका सम्बर्द्धन र सवलीकरण कार्यका लागि केन्द्र तथा नगरपालिकालाई प्राविधिक सहयोग पुऱ्याउनु।
- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र राष्ट्रिय नीति र रणनीति अनुरुप सञ्चालित भएको सुनिश्चित गर्नु ।
- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र र तिनका कामकारवाही तथा सेवा प्रवाह राष्ट्रिय स्वास्थ्य पद्धतिअनुरुप रहेको सुनिश्चित गर्नु । यस अन्तरगत राष्ट्रिय प्रोटोकल, निर्देशिका, गुणस्तर प्रत्याभूति, क्लिनिकल प्रोटोकल, स्वास्थ्य सूचना मापदण्ड, वित्तीय प्रतिवेदन मान्यता, प्रेषण निर्देशिका आदिको शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रबाट अनुशरण सुनिश्चित गर्नु समेत पर्दछ ।
- आधारभूत स्वास्थ्य सेवाको विवरण शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रलाई उपलब्ध गराई त्यसको अनुशरणको सुनिश्चितता गर्नु ।
- महा/उपमहा/नगरपालिकासंगको समन्वयमा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको क्षमता अभिबृद्धिमा सहयोग गर्नु ।

- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रलाई सहयोग र सवलीकरण गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदारसंग समन्वय गर्नु ।
- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रले शहरी बासिन्दाको स्वास्थ्यमा पारेको प्रभावको आवधिक मूल्याङ्कन (अनुसन्धान तथा अध्ययन)  गर्नु तथा त्यसको प्रवर्द्धन का लागि सुझाव दिनु।

## ५. शहरी स्वास्थ्य प्रवर्धन केन्द्रले प्रदान गर्ने सेवा घटकहरु

शहरी स्वास्थ्य प्रर्वधन केन्द्रले मुख्य: रुपमा देहाय बमोजिम दश प्रकारका सेवा घटकहरु अन्तरगत विभिन्न स्वास्थ्य सेवाहरु प्रदान गर्नेछ ।




चित्र-१ . शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रका मुख्य सेवा घटकहरु

## ६.शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको सेवा प्याकेज

स्वास्थ्य मन्त्रालयले तोके अनुरुपका आधारभूत स्वास्थ्य सेवा  सबै नागरिकलाइ नि:शुल्क प्रदान गर्नु शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रका लागि अनिवार्य छ, अन्य सेवाका सम्बन्धमा यो तालिकाले प्रत्येक किसीमका सेवा घटकहरु अन्तरगत दिइने सेवा, आपूर्ति, संरचना एवं प्रकृयाको विस्तृतीकरण  गरेको छ। सेवा क्षेत्रका जनताको स्वास्थ्य आवश्यक्ता अनुरुप ती सेवालाई परिमार्जित गर्न सकिने छ।

| सेवा घटक | उपलब्ध सेवा | आपूर्ति | सरचना/प्रक्रिया | रणनीति | निर्देशक संरचना |
|---|---|---|---|---|---|
| **१. नसर्ने रोग तथा स्वस्थ जीवन शैलीसंग सम्बन्धित सेवाहरु** | • मुटुरोग, स्वासप्रस्वास सम्बन्धी रोग, मधुमेह तथा क्यान्सरको जाँच, निदान, उपचार तथा प्रेषण<br>• मानसिक स्वास्थ्य- परामर्श तथा उपचार<br>• स्वस्थ जीवनशैली सम्बन्धी शिक्षा एवं परामर्श<br>• सूर्तीजन्य पदार्थको सेवन, मद्यपान, खानपान, कामनगरी बस्ने बानी जस्ता जोखिमपक्षमा परामर्श<br>• शरीरिक सक्रियता प्रवर्द्धन | • नसर्ने रोगका लागि आवश्यक औषधि तथा निदान उपकरण (अनुसूची ४ अनुरुप)<br>• पूर्वाधार- सुविधासम्पन्न दुई कक्ष (एउटा परामर्श र अर्को जाँचका लागि) | १. निर्दिष्ट जिम्मेवारी सहितको कार्यकुशल/दक्षटोलीको व्यवस्था<br>२. देखिनेगरी राखिएको नाम अंकित दैनिक कार्यतालिका सहितको ड्युटी रोस्टर<br>३. सबै सेवाग्राहीको उचाइ, तौल, बिएमआइ, मुटु जाँच- ब्लडसुगर, कोलेस्टोरोल जाँच | • संस्थागतरुपमा सेवा प्रवाह<br>• जाँच अभियान<br>• घुम्ति सेवा<br>• स्वास्थ्य बिमा<br>• प्रभावकारी प्रेषण<br>• तीस बर्ष माथिकालाई लक्षित गर्ने<br>• शारीरिक सक्रियता अभिबृद्धिका लागि विद्यालय, स्थानीय | • केन्द्रीय तहमा स्वास्थ्य मन्त्रालय, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखा, प्रादेशिक स्वास्थ्य संस्था पदाधिकारी,<br>• नगरपालिका तहमा<br>- नगरपालिका प्रतिनिधि,<br>- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र प्रतिनिधि<br>- जिल्ला जनस्वास्थ्य प्रतिनिधि |

| | | | | | |
|---|---|---|---|---|---|
| | • सडक दुर्घटनारोकथामका लागि क्रियाकलाप तथा घाइतेको समान्य चोटपटक ब्ययवस्थापन<br>• मुखसंग सम्बन्धित स्वास्थ्य<br>• पेशागत स्वास्थ्य तथा सुरक्षा<br>• तनाव व्यवस्थापन | | ४.पेन प्रोटोकल, रिस्क चार्ट, परामर्श,<br>५. डाटाबेस्ड एच एम आइ एस<br>६. ड्यासबोर्डको उपयोग<br>७. मोबाइल एप | क्लब, फिटनेस सेन्टर आदिसंग समन्वय | - अन्य सरोकारवाला |
| **२. सरुवा रोग** | • क्षयरोग, कुष्ठरोग, औलो, एचआइभी तथा एड्स, यौनरोग संक्रमण, डेंगु तथा स्थानीय स्तरमा हुने अन्य सरुवा रोगहरुको रोकथाम, नियन्त्रण तथा उपचार<br>• जाँच तथा निदान<br>• उपचार तथा व्यवस्थापन<br>• फलोअप<br>• परामर्श<br>• स्वास्थ्य प्रवर्द्धनात्मक सूचना तथा सचेतना<br>• मासमी रोग व्याधि रोकथाम<br>• प्रेषण | • आवश्यक औषधि तथा औजार र उपचार पुस्तीका/प्रोटोकल<br>• आधारभूत परीक्षणका लागि साधनसम्पन्न प्रयोगशाला | १. निर्दिष्ट जिम्मेवारी सहितको कार्यकुशल/दक्षटोलीको व्यवस्था<br>२.देखिनेगरी राखिएको नाम अंकित दैनिक कार्यतालिका सहितको ड्युटी रोस्टर<br>३.सबै सेवाग्राहीको उचाइ, तौल, बिएमआइ, मुटु, ब्लडसुगर, कोलेस्टोरलको जाँच<br>४.पेन प्रोटोकलको प्रयोग, रिस्क चार्ट, परामर्श | • संस्थागत रुपमा दिइने सेवा<br>• आउटरिच/घुम्ति क्लिनिकतथा क्याम्पहरु<br>• रोग नियन्त्रण अभियानहरु<br>• विद्यालयसंग समन्वय तथा सहकार्य | • केन्द्रीय तहमा स्वास्थ्य मन्त्रालय, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखा, प्रादेशिक स्वास्थ्य संस्था पदाधिकारी,<br>• नगरपालिका तहमा<br>- नगरपालिका प्रतिनिधि,<br>- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रप्रतिनिधि<br>- जिल्ला जनस्वास्थ्य प्रतिनिधि<br>- अन्य सरोकारवाला |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ५.डाटाबेस-एचएमआइएस<br>६. ड्यासबोर्डको उपयोग<br>७. मोबाइल एप्स | | |
| **३. मातृ तथा शिशु स्वास्थ्य सेवा** | एकीकृत नवजात शिशु तथा बाल्यावस्थाको सूचना, रोकथाम, उपचार तथा व्यवस्थापन ।<br>● IMNCI (समुदायमा आधारित एकिकृत वाल रोग व्यवस्थापन)<br>● जटिलस्वास्प्रश्वास सम्बन्धी संक्रमण<br>● निमोनियाँ<br>● झाडापखाला<br><br>आइरन, भिटामिन ए, आयोनून, क्याल्सियम र फोलिक एसिडको प्रयोगलाई प्रवर्द्धन गर्ने ।<br>ग्रोथ मनिटरिङ, सूचना, शिक्षा तथा पुनस्थापना<br>खोपसम्बन्धी सत्रहरु  नियमित सञ्चालन गर्ने<br>किशोरकिशोरी तथा प्रजनन स्वास्थ्य | ● प्रोटोकल/निर्देशिका अनुरुप नवजात शिशु तथा बाल रोगका लागि आवश्यक औषधि<br>● भ्याक्सिन, कोल्ड चेन बक्स/फ्रिजरको आवश्यक आपूर्ति<br>● आवश्यक आइरन, क्याल्सियम, फोलिक एसिड, भिटामिन ए, अल्बेण्डाजोल तथा ग्रोथ मनिटरिङ चार्ट<br>● ASRH tool kits | १.निर्दिष्ट जिम्मेवारी सहितको कार्यकुशल/दक्षटोलीको व्यवस्था<br>२.देखिनेगरी राखिएको सेवा प्रदायकको नाम अंकित ड्युटी तालिका सहितको ,<br>३. सम्बन्धित प्रोटोकल तथा निर्देशिकाहरुअनुरुपको सेवा प्रवाह<br>४. डाटाबेस एवं स्वास्थ्य व्यवस्थापना सुचना प्रणाली अनुरुपका व्यवस्था<br>५. ड्यासबोर्ड उपयोग<br>६. मोबाइल एप्लिकेशन | ● संस्थागत रुपमा दिइने सेवा<br>● आउटरिच/घुम्ति क्लिनिक तथा क्याम्पहरु<br>● स्वास्थ्य प्रर्वधन एवं रोकथाम अभियानहरु<br>● विद्यालय तथा अन्य निकायहरुसंग समन्वय | ● केन्द्रीय तहमा स्वास्थ्य मन्त्रालय, प्राथमिक स्वास्थ्य पुनर्जागरण महाशाखा, प्रादेशिक स्वास्थ्य संस्था पदाधिकारी,<br>● नगरपालिका तहमा<br>- नगरपालिका प्रतिनिधि,<br>- शहरीस्वास्थ्यप्रवर्द्धन केन्द्र प्रतिनिधि<br>- जिल्ला जनस्वास्थ्य प्रतिनिधि<br>- अन्य सरोकारवाला |

| | | | | | |
|---|---|---|---|---|---|
| | ● स्वास्थ्य प्रवर्द्धन-सूचना तथा सचेतना सुरक्षित मातृत्व- गर्भजाँच, प्रसुती तथा उत्तर प्रसुती सेवा तथा सुरक्षीत गर्भपतन सेवा<br>● परिवार नियोजन | | ७. किशोर किशोरी मैत्री शैली अवलम्वन | | |
| **४. आयुर्वेद तथा परम्परागत औषधोपचार** | ● पञ्चकर्म<br>● योग | ● आयुर्वेदिक सामाग्री एवं औषधीको आपूर्ति | | ● संस्थागतरुपमा सेवा प्रवाह | |
| **५.बहिरंग सेवा** | ● साधारण स्वास्थ्य परीक्षण तथा उपचार<br>● प्राथमिक उपचार तथा सामान्य चोटपटक व्यवस्थापन<br>● परामर्श<br>● फलोअप सेवा<br>● प्रेषण सेवा | ● आवश्यक औषधि तथा औजारको आपूर्ति<br>● प्राथमिक उपचार किटको आपूर्ति<br>● अन्य मेडिकल आपूर्ति (अनुसूची अनुरुप)<br>● फि्लपचार्ट, परामर्श सामग्री तथा अन्य सूचना शिक्षा तथा संचार सामग्री | १. निर्दिष्ट जिम्मेवारी सहितको कार्यकुशल समूहको व्यवस्था<br>२.देखिनेगरी राखिएको सेवा प्रदायकको नाम सहितको ड्युटी तालिका डाटाबेस एचएमआइएस<br>३. मोबाइल एप्लिकेशन | ● एकै ठाउँबाट दिइने सेवा,<br>● आउटरिच (घरदैला) क्लिनिक<br>● घुम्ति क्लिनिक तथा क्याम्पहरु | ● केन्द्रीय तहमा स्वास्थ्य मन्त्रालय, प्राथमिक स्वास्थ्य पुनर्जागरण महाशाखा, प्रादेशिक स्वास्थ्य निकाय पदाधिकारी,<br>- नगरपालिका तहमा<br>- नगरपालिका प्रतिनिधि,शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र प्रतिनिधि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | - जिल्ला जनस्वास्थ्य प्रतिनिधि<br>- अन्य सरोकारवाला |
| **६.बृद्धावस्था स्वास्थ्य सेवा** | • नियमित स्वास्थ्य परीक्षण<br>• उपचार तथा फलोअप<br>• शारीरिक क्रियाकलाप, योग तथा ध्यान<br>• परामर्श (मनोसामाजिक)<br>• सामाजिक तथा आध्यात्मिक क्रियाकलाप<br>• प्रेषण | • आवश्यक औषधि तथा औजारको आपूर्ति<br>• बृद्धावस्था स्याहार गृहका लागि मनोरञ्जन तथा खेल सामग्रीको आपूर्ति । | १. निर्दिष्ट जिम्मेवारी सहितको कार्यकुशल समूहको व्यवस्था<br>२. देखिनेगरी राखिएको नाम अंकित दैनिक कार्यतालिका सहितको ड्युटी रोस्टर डाटाबेस एचएमआइएस, इएमआर)<br>३.ड्यासबोर्ड उपयोग<br>४. मोबाइल एप्लिकेशन<br>• सबै सेवाग्राहीको उचाई, तौल, बिएमआइ, मुटु जाँच-ब्लडसुगर, कोलेस्टोरोल जाँच गरिएको | • संस्थागतरुपमा सेवा प्रवाह<br>• जाँच अभियान<br>• घुम्ति सेवा<br>• स्वास्थ्य विमा<br>• कार्यमूलक प्रेषण<br>• बृद्धाश्रम, धार्मिक समूह, स्थानीय क्लब फिटनेस सेन्टर आदिसगं सामाजिक तथा आध्यात्मिक क्रियाकलापका लागि समन्वय | • केन्द्रीय तहमा स्वास्थ्य मन्त्रालय, प्राथमिक स्वास्थ्य पुनर्जागरण महाशाखा, प्रादेशिक स्वास्थ्य संस्था पदाधिकारी,<br>• नगरपालिका तहमा<br>- नगरपालिका प्रतिनिधि,<br>- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र प्रतिनिधि<br>- जिल्ला जनस्वास्थ्य प्रतिनिधि<br>- अन्य सरोकारवाला |

| | | | | | |
|---|---|---|---|---|---|
| **७. स्वास्थ्य वातावरण प्रवर्द्धन** | ● स्थानीय क्लब, उपभोक्ता समूह, टोल सुधार समिति आदिसंगको समन्वयमा स्वास्थ्य तथा सरसफाइ प्रवर्द्धन क्रियाकलाप<br>● स्वास्थ्य प्रवर्द्धन- - IEC /BCC/SBCC<br>**पेशागत स्वास्थ्य सुरक्षा**<br>● सुरक्षाका उपाय सुनश्चित गर्ने<br>● सेवा प्रवेशमा स्वास्थ्य परीक्षण<br>● नियमित स्वास्थ्य परीक्षण<br>● प्रेषण संयन्त्र<br>● जोखिम र सुरक्षा प्रवन्धका बारेमा अभिमुखीकरण<br>● सरुवा तथा दीर्घ रोग रोकथामको व्यवस्था<br>**फोहर व्यवस्थापन**<br><br>**गुणस्तरीय अनुगमन तथा निगरानी**<br>● हावा, ध्वनी, पानी, भूमि प्रदुषण<br>● निजी तथा सार्वजनिक पानी आपूर्तिकर्ता तथा पानीको मुहान | ● IEC/BCC सामग्री<br>● पानीको गुणस्तर जाँच्न टेस्ट किट<br>● स्वास्थ्यकर्मीका लागिPersonal Protective Equipments (PPE) | १. निर्दिष्ट जिम्मेवारी सहितको क्रियाशील समूहको व्यवस्थापन<br>२. मासिक क्रियाकलाप पात्रो,<br>सम्बन्धित मापदण्ड र निर्देशिका अनुरुप | न्युनतम मापदण्ड निर्धारण गर्ने<br>विभिन्न निकायहरु परिचालन<br>साझेदारी | ● केन्द्रीय तहमा स्वास्थ्य मन्त्रालय, प्राथमिक स्वास्थ्य पुनर्जागरण महाशाखा, प्रादेशिक स्वास्थ्य संस्था पदाधिकारी,<br>● नगरपालिका तहमा<br>- नगरपालिका प्रतिनिधि,<br>- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र प्रतिनिधि<br>- जिल्ला जनस्वास्थ्य प्रतिनिधि<br>अन्य सरोकारवाला |

| | | | | | |
|---|---|---|---|---|---|
| **८.जनस्वास्थ्य निरीक्षण तथा निगरानी** | **होटल, रेस्टुराँ, क्यान्टीन र सडकमा खाना बेच्ने**<br>● खानेकुराको गुणास्तर तथा बनाउने तरिका<br>● सामान्य स्वास्थ्य र सरसफाइ<br>● धुमपान<br><br>**बजार**<br>● खानाको गुणास्तर, फलफूल तथा तरकारीको गुणस्तर (बिषादिअवशेष)<br>● वधशाला, मासु तथा माछा पसल<br>● सार्वजनिकस्थलमा धुमपान<br><br>**फार्मेसी, पोलिक्लिनिक तथा प्राइभेट क्लिनिक**<br>● दर्ता, सेवा, औषधि तथा औजार | ● टेस्ट किट<br>● मपदण्ड परीक्षण सूची<br>● अब्जर्भेसन निर्देशिका | ● खानेकुरा, मासु, स्वास्थ्य सरसफाइ सम्बन्धी प्रोटोकल तथा निर्देशिका उपयोग ।<br>● बजार तथा समुदाय निगरानी समूह बनाउने | ● अधिकार प्रत्यायोजन- आधिकारिक पत्र<br>● उपभोक्ता समूह, नगरपालिका तथा अन्य सम्बद्ध निकायसंगको समन्वयमा बजार तथा समुदाय निगरानी समूह बनाउने | नगरपालिका मातहत बजार अनुगमन तथा निगरानी समूह । |
| **९. महामारी नियन्त्रण तथा प्रकोप व्यवस्थापन** | महामारी व्यवस्थापन रोकथाम उपाय<br>● रोकथाम, नियन्त्रण, उपचार तथा प्रेषण | ● बफरस्टक<br>● सरसामानका फाराम<br>● IEC तथा BCCसामग्री | ● संकटापन्नता नक्साङ्कन तथा रोकथाम पद्धतिका लागि पूर्वतयारी | नगर स्वास्थ्य कार्यालय, EDCDतथा अन्य | ● महामारी नियन्त्रण तथा प्रकोप व्यवस्थापन समूह |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ● महामारी व्यवस्थापन निर्देशिका | ● महामारी नियन्त्रण तथा प्रकोप व्यवस्थापन समूह निर्माण<br>● महामारी अनुसन्धान एवं नियन्त्रण<br>● नियमित अभिलेखीकरण तथा प्रतिवेद | सम्बन्धित एजेन्सीसंग समन्वय | |
| **१०.प्रेषण सेवा** | ● सम्बन्धित स्वास्थ्य केन्द्रमा प्रेषण गर्ने | ● प्रेषण औजार (फाराम, फरम्याट, रेकर्डिङ/रिपोर्टिङ औजार तथा निर्देशका) | ● विशेष प्रेषण कार्ड<br>● विशेष सुविधा व्यवस्था<br>● नियमित अभिलेखीकरण तथा प्रतिवेदन<br>● दुइ तर्फी प्रेषण सम्बन्ध स्थापना | ● एम्बुलेन्सका लागि निजी, SCR, PPP संग सेवा लिने<br>● प्रेषण सम्बन्ध कायम गर्ने<br>● आकश्मिक संप्रेषण कोष बनाउने | ● शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र व्यवस्थापन समिति तथा नगरपालिका |

## ७. जनस्वास्थ्य केन्द्रको संगठन तालिका



## ८. जिम्मेवारी ढाँचा

<table>
<tr><th rowspan="2">नगरपालिका पदाधिकारी</th><th rowspan="2">शहरीस्वास्थ्यप्रवर्द्धन केन्द्र व्यवस्थापन समिति</th><th rowspan="2">शहरी स्वास्थ्यप्रवर्धन केन्द्र</th><th colspan="3">स्वास्थ्य मन्त्रालय तथा मातहतका निकाय</th></tr>
<tr><th>स्वास्थ्य मन्त्रालय</th><th>प्राथमिक स्वास्थ्य पुनर्जागरण महाशाखा</th><th>जिल्ला जनस्वास्थ्य कार्यालय</th></tr>
<tr><td>शहरीस्वास्थ्यप्रवर्द्धन केन्द्र स्थापना तथा सञ्चालन समग्रमा अगुवाइ</td><td>शहरीस्वास्थ्यप्रवर्द्धन केन्द्रको सञ्चालन तथो समग्र व्यवस्थापन</td><td>आउटरिच सहित स्वास्थ्य सेवा प्रदान गर्नु</td><td rowspan="2">राष्ट्रिय नीति, रणनीति तथा मापदण्ड तयारगरी त्यसको अनुशरण सुनिश्चित गर्नु</td><td>सेवा प्याकेज तथा अन्य निर्देशिका तथा म्यानुअल बनाउन प्राविधिक सहयोग प्रदान गर्नु</td><td>सेवा प्रवाह तथा कार्यक्रम व्यवस्थापनमा प्राविधिक सहयोग उपलब्ध गराउनु</td></tr>
<tr><td>भैतिक पूर्वाधार तयार गरी जन स्वास्थ्य केन्द्रलाई सुसज्जित पार्नु</td><td>पूर्वाधार तथा औजारको आवधिक तथा समयवद्ध मर्मत सम्भार सुनिश्चित गर्नु</td><td>पूर्वाधार तथा औजारको यथोचित उपयोग सुनिश्चित गर्नु</td><td colspan="2">स्ट्याण्डर्ड डिजाइन तथा स्पेसिफिकेशन उपलब्ध गराई भूर्वाधार तथा औजारको सहयोगका लागि साझेदारसंग समन्वय गनु</td></tr>
<tr><td>शहरीस्वास्थ्यप्रवर्द्धन केन्द्रको सुसञ्चालनका लागि आवश्यक स्रोतको व्यवस्था गर्नु तथा सार्वजनिक बित्त व्यवस्थापनमा दिशा निर्देश गर्नु</td><td>स्रोत व्यवस्थापन प्रभावकारी तथानिपूर्णरुपमा गर्नु तथा बित्तीय जोखिम न्यून गर्न उपाय सुझाउने । स्थानीय स्रोत परिचालन गर्ने</td><td>बित्तीय तथा प्रशासनिक कार्य सम्पादन गर्नु तथा बित्तीय पारदर्शिता सुनिश्चित गर्नु</td><td colspan="3">संघीय तथा प्रदेशस्तरीय अनुदान तथा स्रोतको यथासमय उपलब्धता सुनिश्चित गर्नु</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| राष्ट्रिय खरिद तथा आपूर्ति व्यवस्थापन निर्देशिका अनुसार औषधि तथा सरसामान खरिद तथा आपूर्ति गर्नु | औषधी तथा सरसामानको स्टक अनुगमन गर्नु तथा यथा समय आपूर्तिका लागि माग गर्नु । म्याद गुज्रेको व्यवस्थापन गर्नु । | स्टकको अनुगमन गरी औषधि तथा सामग्रीको प्रयोगको प्रतिवेदन गर्नु | खरिद तथा आपूर्ति निर्देशिका तयार गर्नु | औषधि र सरसामानको सूची उपलब्ध गराउनु | खरिद र आपूर्ति साङ्लोमा प्राविधिक सहयोग उपलब्ध गराउनु |
| गुणस्तर  सुनिश्चित संयन्त्रलाई व्यवस्थितगरी त्यसको अनुशरण सुनिश्चित गर्ने | गुणस्तरियता सुनिश्चित संयन्त्रलाई अनुशरण गर्ने तथा गुणस्तरबृद्धिका कार्य गर्ने | सेवा प्रवाहमा गुणस्तर सुनिशिचतताको अनुशरण गर्ने तथा गुणस्तर अभिबृद्धिका काम गर्ने | गुणस्तर सुनिश्चितता संयन्त्र तथा निर्देशिका तयार गर्ने | गुणस्तर सुनिशिचततामा प्राविधिक सहयोग गर्ने | स्वास्थ्य सेवाको गुणस्तर अभिबृद्धिमा प्राविधिक सहयोग गर्ने |
| शहरीस्वास्थ्यप्रवर्द्धन केन्द्रको क्षमता अभिबृद्धिका लागि आवश्यक स्रोत व्यवस्था गर्ने | क्षमता लेखाजोखा  गर्ने तथा क्षमता अभिबृद्धि योजना तयार गरी त्यसको कार्यान्वयनमा सघाउने | क्षमता अभिबृद्धि योजना कार्यान्वयन गर्ने रस्तरीय व्यवस्थापनमा सेवा प्रवाह तथा कार्यक्रम कार्यान्वयनमा सक्षमताको उपयोग सुनिश्चित गर्ने | तलिम तथा अभिमुखीकरण प्याकेज तयार पार्ने | तालिम तथा अभिमुखीकरण म्यानुअल तयार गर्न प्राविधिक सहयोग गर्ने | तालिम तथा अभिमुखीकरण कार्यमा सहयोग गर्ने |
| आवश्यक जनशक्ति लिई काममा लगाउने | जनशक्तिको व्यवस्थापन गर्ने तथा पुरस्कार पद्धति विकास गर्ने | दैनन्दिन कर्मचारी प्रशासन | जनशक्ति व्यवस्थापन राष्ट्रिय नीति तथा रणनीति अनुरुप भएको सुनिशिचत गर्ने | जिम्मेवारी विवरण, कार्यदक्षतामा आधारित पुरस्कार व्यवस्था प्याकेज बनाउने जस्ता कार्यमा प्राविधिक सहयोग गर्ने | |

| | | | | | |
|---|---|---|---|---|---|
| सार्वजनिक तथा निजी स्वास्थ्य सेवा प्रदायक एवम् विविध क्षेत्रका अन्य साझेदार तथा सरोकालवालासंग समन्वय गर्ने | सार्वजनिक तथा निजी सेवा प्रदायक तथा विविध क्षेत्रका अन्य साझेदार क्षेत्रसंग साझेदारी विकास गर्ने । विभिन्न साझेदारबाट प्राप्त प्राविधिक सहयोगको प्रभावकारी कार्यान्वयन गर्ने | पालिका एवं जिल्लामा रहेका अन्य सेवा प्रदायक तथा सम्भाव्य साझेदारको नक्साङ्कन गरी उनीहरुसंग सहकार्य गर्ने | शहरीस्वास्थ्यप्रवर्द्धन केन्द्रको सवलीकरणका लागि अन्तर्राष्ट्रिय साझेदारसंग समन्वय गर्ने | शहरीस्वास्थ्यप्रवर्द्धन केन्द्रका लागि प्राविधिक सहयोग कार्यक्रम विकास गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदार संगठनसंग सहकार्य गर्ने | विभिन्न साझेदारबाट प्राप्त प्राविधिक सहयोग कार्यक्रम कार्यान्वयमा सहयोग गर्ने |
| व्यवस्थापन तथा मूल्याङ्कन कार्यढाँचा अनुरुप जन स्वास्थ्य केन्द्रको समग्र समीक्षा गर्ने | आवधिक कार्यक्रमगत पुनरावलोकन तथा नियमित सुपरिवेक्षण गर्ने | आवधिक रुपमा कार्यदक्षता पुनरावलोकन आयोजना गर्ने तथा स्वास्थ्य कर्मीको कार्यकुशलताको पुनरावलोकन गर्ने | शहरीस्वास्थ्यप्रवर्द्धन केन्द्र तथा त्यसको नतिजा राष्ट्रिय स्वास्थ्य पद्धतिसंग जोडिएको सुनिशिचत गर्ने | व्यवस्थापन तथा मूल्याङ्कन कार्यढाँचा तथा कार्यकुशलता पुनरावलोकन निर्देशिका तयार गर्न सहयोग गर्ने | अनुगमन तथा सुपरिवेक्षण कार्यमा प्राविधिक सहयोग गर्ने |
